नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# राष्ट्रिय फलफूल विकास केन्द्र
# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

**केन्द्रीय आयोजना व्यवस्थापन एकाइ**

**कीर्तिपुर, काठमाण्डौं ।**

## निजि फलफूल नर्सरी सूचीकरणका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/०४/३०**

प्रस्तुत विषयमा यस आयोजनाको स्विकृत "फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्वन्धी मार्गदर्शन, २०८१" अनुसार लक्षित फलफूल बालीहरुको वगैंचा स्थापनार्थ गुणस्तरीय फलफूल विरुवा उत्पादनको माग र आपूर्तिलाई व्यवस्थित गर्न प्रचलित कानुन बमोजिम दर्ता भई आयोजना लक्षित फलफूलका विरुवाहरुको उत्पादन तथा बिक्रि वितरण गर्दै आईरहेका नर्सरीधनिहरुले तपसिल वमोजिमका कागजातहरु संलग्न राखी यस आ.व. २०८२/८३ को आषाढ मसान्तसम्म सूचीकरणका लागि देहायका मध्ये कुनै कार्यालयमा आवेदन पेश गर्नहुन अनुरोध छ।आवेदन विद्युतीय माध्यमबाट आयोजनाको इमेलः cpmu.nafha@gmail.com मा विषयः निजि फलफूल नर्सरी सूचीकरणका लागि आवेदन राखि पठाउन सकिने छ। साथै यस सम्वन्धी थप जानकारी तथा अनुसूचि फारमहरु https://www.nafha.gov.np/notices/category/notice मार्फत् "फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्वन्धी मार्गदर्शन, २०८१" वा सम्वन्धित कार्यान्वयन एकाइहरु मार्फत् प्राप्त गर्न सकिनेछ । गत आ.व.२०८१/०८२ मा सुचिकृत भएका निजि फलफूल नर्सरीहरुले समेत पुनः सुचिकृत हुनु पर्ने व्यहोरा उल्लेखित मार्गदर्शनको परिच्छेद-५ को दफा १०(१) मा व्यवस्था रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**तपसिलः**

**आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:**

१) अनुसूची-३ बमोजिमको निजी फलफूल नर्सरी सूचीकरणका लागि निवेदन फाराम ।
२) नर्सरी दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि ।
३) नर्सरी धनीको नागरिकताको प्रतिलिपी ।

**आवेदन पेश गर्नुपर्ने कार्यालयहरु:**

१) आयोजना कार्यान्वयन एकाइ, कोशी प्रदेश - NAFHA PIU, मोरङ (सम्पर्क नंः ०२१- ५१६५६८, इमेलः piup1.nafha@gmail.com)
२) आयोजना कार्यान्वयन एकाइ, बाग्मती प्रदेश - NAFHA PIU, मकवानपुर (सम्पर्क नंः ०५७ ५९०५८८/५२११०४, इमेलः piubagmatinafha@gmail.com)
३) कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश/आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश - NAFHA PIU, कास्की (सम्पर्क नंः ०६१- ५२०२७३, इमेलः piugandaki.nafha@gmail.com)
४) आयोजना कार्यान्वयन एकाइ, कर्णाली प्रदेश - NAFHA PIU, सुर्खेत (सम्पर्क नंः ०८३- ५९०५८३, इमेलः piukarnalinafha@gmail.com)
५) आयोजना कार्यान्वयन एकाइ, सुदुरपश्चिम प्रदेश - NAFHA PIU, सुर्खेत (सम्पर्क नंः ९८४८४३५४६२, इमेलः piusudurpashchim.nafha@gmail.com)

CamScanner